# पेन्सलभेनिया स्वास्थ्य विभाग का सचिव को व्यक्तिगत अपरेशन्स कायम राख्न अनुमति प्राप्त व्यवसायहरु को लागी सार्वजनिक स्वास्थ्य सुरक्षा उपायहरु सम्बन्धि निर्देशन दिंदै गरिएको आदेश

2019 नोभल कोरोनाभाइरस (कोभिड-19) एक संक्रामक रोग हो जुन पेन्सलभेनियाको राष्ट्रमण्डलमा एक व्यक्तिबाट अर्को व्यक्तिमा द्रुत रूपमा फैलदैछ। कोभिड-19 भाइरस संक्रमित मानिसहरुबाट प्रसारित हुन सक्छ चाहे तिनीहरू एसिम्प्टोमेटिक भए पनि वा उनीहरूका लक्षणहरू हल्का छन्, जस्तै खोकी । यसका अतिरिक्त, भाइरस रहेको सतह वा वस्तुलाई छोएर र त्यसपछि मुख, नाक, वा आँखाहरू छोएर संक्रमण सम्भव हुन्छ।

कोभिड-19 जनताको स्वास्थ्यको लागि खतरा हो, जसको लागि स्वास्थ्य सचिवले सामान्य नियन्त्रण उपायहरूको आदेश दिन सक्नुहुन्छ, जसमा शामिल छन्, बन्द गर्ने, अलगाव, र क्वारेन्टिन मा राख्ने तर उपायहरु यतिमा मात्रै सीमित छैनन्। यो अधिकार पेन्सलभेनिया कानूनको अनुरुप स्वास्थ्य सचिवलाई प्रदान गरिएको छ। रोग रोकथाम र नियन्त्रण कानूनको धारा 5 हेर्नुहोस्, 35 P.S. §§ 521.1, 521.5; प्रशासकीय संहिता 1929 को धाराहरु 2102 र 2106, 71 P.S. §§ 532, 536; र स्वास्थ्य विभाग को (विभाग को) नियमहरु संहिता 28 Pa. संहिता §§ 27.60-27.68 (रोग नियन्त्रण उपायहरू; अलगाव; क्वारेन्टिन; अलगाव वा क्वारेन्टिन मा रहेका व्यक्तिको आवागमन; र अलगाव र क्वारेन्टिबाट मुक्त गर्ने कार्यहरु संग सम्बन्धित)। विशेष गरी, स्वास्थ्य सचिवलाई जनताहरुलाई संक्रामक रोग फैलनबाट जोगाउन कुनै पनि रोग नियन्त्रण सम्बन्धि उचित उपायहरु लिन अधिकार छ। 35 P.S. § 521.5; 71 P.S. §§ 532(a), 1402(a); 28 Pa. संहिता § 28.60 हेर्नुहोस्।

राष्ट्रमंडलमा केहि जीवन-निर्वाह सम्बन्धित व्यवसायहरू भाइरसको प्रसारणलाई कम गर्नका लागि कडा शमनको आवश्यकताको बावजुद खुला रहनु पर्छ भनेर मान्यता दिँदै, म रोजगारदाताहरू र उनीहरूका कामदारहरूको स्वास्थ्य र जीवन, उनीहरूको परिवारको स्वास्थ्य र जीवन, र तिनीहरूको सेवाहरूमा निर्भर राष्ट्रमण्डलका बासिन्दाहरूको स्वास्थ्य र जीवनको सुरक्षाका लागि रोजगारदाताहरू र उनीहरूका कामदारहरू ले उठाउनु पर्ने केहि कदमहरू बारे आदेश दिंदैछु। केवल ग्राहकहरुलाई सुरक्षाको लागि मात्र नभई, यी प्रतिष्ठानहरु चलाउन र सञ्चालन गर्न आवश्यक कामदारहरुको सुरक्षाको लागि पनि विशेष विचार गर्नुपर्ने आवश्यकता छ।

भवन सेवाका कर्मचारीहरूले गरेका सफाई, कीटाणुशोधन र अन्य मर्मतसम्भार र सुरक्षा सेवाहरू राष्ट्रमण्डलमा कोभिड-19 संक्रमण घटाएर जनस्वास्थ्यको रक्षा गर्न महत्वपूर्ण भएकोले मैले यसअघिको आदेशमा भवन सुरक्षा उपायहरू निर्देशित गरें जुन 2020 अप्रिल 6, 12:01 बजे बिहान देखि लागू भयो। त्यस्तै गरी, कोभिड-19 को राष्ट्रमण्डल र विश्वमा निरन्तर र व्यापक प्रसारको तरीका र पेन्सिलभेनियालीहरुमा यसको खतराको आधारमा मैले निर्धारण गरेको छु कि कोभिड-19 प्रकोप आपतकालको समयमा खुला रहेका जीवन-निर्वाह सम्बन्धी व्यवसायहरूका सबै कर्मचारी र आगन्तुकहरुको सुरक्षा उपायको अर्को दिशा भनेको अतिरिक्त उचित रोग नियन्त्रणका उपायहरु अवलम्बन गर्नु नै हो।

तदनुसार, यस मिति 2020 अप्रिल 15 मा कोभिड-19 फैलनबाट जनतालाई जोगाउन, म निम्न आदेश दिन्छु:

A. जिवन निर्वाह सम्बन्धि कार्यहरू सञ्चालन गर्न अधिकृत व्यवसायले, स्वास्थ्य सेवा प्रदायकहरु बाहेक, राज्यपाल र मैले 2020 मार्च 19 मा जारी गरेको आदेशहरु बमोजिम, पछि संशोधन गरिएको, उपयुक्त भएका निम्न सामाजिक दूरी, शमन, र सफाई प्रोटोकलहरु कार्यान्वयन गर्नेछ:

(1) तल अनुच्छेद (2) मा निर्दिष्ट गरिए अनुसार व्यवसायमा कायम गरिएका मौजूदा सफाई प्रोटोकोलहरू पालना गर्नुको अतिरिक्त, रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) द्वारा जारी दिशानिर्देशहरू अनुसार नियमित रूपमा उच्च-स्पर्श क्षेत्रलाई सफा र कीटाणुरहित बनाउनुहोस् जुन ग्राहकहरु, भाडामा लिनेहरु, वा अन्य व्यक्तिहरुको पहुँचमा हुन्छन्;

(2) भवनका अन्य सबै क्षेत्रहरूको लागि व्यवसाय द्वारा कायम गरिएका मौजूदा सफाई प्रोटोकोलहरू कायम राख्नुहोस्;

(3) कोभिड-19 को सम्भावित वा पुष्टि भएको व्यक्तिको संपर्कमा सम्बन्धित व्यसाय आएको अवस्थामा कार्यान्वयनको लागि प्रोटोकलहरू स्थापना गर्नुहोस्, तलका समेत:

a. कोभिड-19 को सम्भावित वा पुष्टि भएको व्यक्ति द्वारा भ्रमण गरिएका क्षेत्रहरु बन्द गर्नुहोस्। बाहिरी ढोका र झ्यालहरु खोल्नुहोस् र सो क्षेत्रमा हावाको प्रसारण बढाउन भेन्टिलेसन पंखाको प्रयोग गर्नुहोस्। सफाई र कीटाणुशोधन सुरु गर्नु अघि, न्यूनतम 24 घण्टा, वा जबसम्म व्यावहारिक हुन्छ, प्रतीक्षा गर्नुहोस्। सफाई कर्मचारीहरूले कार्यालयहरू, बाथरूमहरू, कर्मचारी ब्रेक रूमहरू, सम्मेलन वा प्रशिक्षण कोठा र खाने सुविधाहरू जस्ता अन्य सामान्य क्षेत्रहरू, बिरामी व्यक्ति द्वारा प्रयोग गरिएका साझा इलेक्ट्रोनिक उपकरणहरू जस्तै ट्याबलेट, टच स्क्रिन, किबोर्ड, रिमोट कन्ट्रोल, र एटीएम मेशिनहरू जस्ता सबै क्षेत्रहरू विशेष गरी बारम्बार छोइने क्षेत्रहरूमा केन्द्रित भएर सफा र कीटाणुरहित बनाउनु पर्छ;

b. COVID-19 को सम्भावित वा पुष्टि गरिएको व्यक्तिको साथ नजिकको सम्पर्कमा (करिब 6 फिट भित्र करिब 10 मिनेटको लागि) रहेका कर्मचारीहरू पहिचान गर्नुहोस् जो लक्षणको सुरूवात हुनभन्दा 48 घन्टा अगाडि देखि बिरामीलाई अलग गरिंदासम्मको समयमा सम्पर्कमा रहेका थिए;

i. यदि कर्मचारी एसिम्प्टोमेटिक रहन्छ भने उक्त व्यक्तिले 2020 अप्रिल 8 मा CDC द्वारा जारी संदिग्ध वा पुष्टि गरिएको COVID-19 भएको व्यक्ति संग सम्पर्कमा आएका महत्वपूर्ण पूर्वाधार श्रमिकहरूको लागि सुरक्षा अभ्यास कार्यान्वयन गर्नका लागि गरिएको अन्तरिम मार्गनिर्देशनको पालन गर्नुपर्छ;

ii. यदि कार्य दिनमा कामदार बिरामी भयो भने, त्यस व्यक्तिलाई तुरुन्त घर पठाउनु पर्छ। कर्मचारीको कार्यक्षेत्रका सतहहरू सफा र कीटाणुरहित बनाउनु पर्छ। बिरामी कर्मचारीसँग लक्षणको समयमा र लक्षणहरू देखिनुभन्दा 48 घण्टा अघि सम्पर्क राखेका अन्य कर्मचारीहरूका बारे जानकारी

संकलन गरिनु पर्दछ। यस समयमा कर्मचारीको 6 फिट भित्रको नजिकको सम्पर्कको आएका कार्यस्थलका अन्य कर्मचारीहरूलाई प्रभावित मानिनेछ;

iii. लागू हुने गोपनीयता कानूनको अनुरूप, व्यवसाय परिसरमा COVID-19 को कुनै पनि ज्ञात संक्रमणसँग नजिकको सम्पर्कमा आएका कर्मचारीहरूलाई तुरुन्त सूचित गर्नुहोस्;

iv. निश्चित गर्नुहोस् कि व्यवसायसँग माथिको प्रोटोकलहरू प्रभावकारी र समयमै प्रदर्शन गर्नको लागि पर्याप्त संख्यामा कर्मचारीहरू छन्;

c. कुनै कर्मचारीको व्यवसाय क्षेत्रमा प्रवेश गर्नु अघि, प्रत्येक सिफ्ट सुरु हुनु भन्दा पहिले वा, सिफ्ट मा काम नगर्ने कर्मचारीहरूका लागि कर्मचारीले काम सुरु गर्नु भन्दा पहिले, तापमान जाँच लागू गर्नुहोस्, र ती कर्मचारीहरूलाई घर पठाउनुहोस् जसको एक तापमान धेरै छ वा 100.4 डिग्री फरेनहाइट वा उच्चको ज्वरो छ। तापक्रम जाँच गर्नका लागि प्रतिक्षा गर्ने क्रममा कर्मचारीहरूले सामाजिक दूरीको अभ्यास गर्ने कुराको सुनिश्चित गर्नुहोस्;

d. लक्षणहरू (जस्तै, ज्वरो, खोकी, वा सास फेर्न कठिन) भएका कर्मचारीहरू ले उनीहरूको सुपरभाइजरलाई सूचित गर्नु पर्छ र घरमै बस्नु पर्छ;

e. बिरामी कर्मचारीहरूले CDC द्वारा सिफारिश कदमहरूको अनुसरण गर्नुपर्छ। स्वास्थ्य सेवा प्रदायकहरू र राज्य र स्थानीय स्वास्थ्य विभागहरूको परामर्श लिएर घरमा आइसोलेसन बन्द गर्ने CDC को मापदण्ड पूरा नभएसम्म कर्मचारीहरू काममा फर्किनु हुँदैन। माथि उल्लेख गरे बमोजिम काममा नफर्केका कामदारहरूलाई भुक्तानी सहितको बिदा दिनको लागि रोजगारदातालाई प्रोत्साहन गरिन्छ।

(4) ठूलो समूहहरूको भेलालाई परिसरमा एकै समयमा प्रवेश गर्न वा छोड्न रोक्नका लागि व्यावहारिक भएसम्म कामदारहरूको कार्य सुरू हुने र सकिने समयहरु फरक-फरक पार्नुहोस्;

(5) 6 फिटको सामाजिक दूरी कायम राख्नका लागि कर्मचारीहरूलाई ब्रेक र खानाको लागि पर्याप्त ठाउँ प्रदान गर्नुहोस्, जबकि खानपान र ब्रेक सेटिंग्समा एक अर्कासंग आमने सामने रहने व्यवस्था मिलाउनुहोस् न कि एक अर्कासंग संगसंगै रहुन्;

(6) कुनै पनि समयमा ब्रेकमा रहने कर्मचारीहरूको संख्या घटाउन कर्मचारीहरूको ब्रेकको समयहरू फरक-फरक पार्नुहोस् ताकि कम्तिमा 6 फिटको उचित सामाजिक दूरी कायम राख्न सकियोस्;

(7) साझा क्षेत्रहरूमा (जस्तै लकर वा ब्रेक कोठा, भोजन सुविधा कोठा, प्रशिक्षण वा सम्मेलन कोठा) कर्मचारीहरुको संख्या त्यतिमा सीमित गर्नुहोस् जति ले फिटको सामाजिक दूरी कायम गर्न सक्छन्;

(8) बैठकहरू र प्रशिक्षणहरू भर्चुअल उपकरणहरु मार्फत सञ्चालन गर्नुहोस् (उदाहरणका लागि, फोन वा इन्टरनेट मार्फत)। यदि कुनै बैठक व्यक्तिगत रूपमा आयोजित हुनुपर्दछ भने, एक पटकमा 10 कर्मचारी भन्दा बढि नहुने गरि कर्मचारीहरूको संख्या सम्भव भएसम्म कममा सीमित गर्नुहोस्, र 6 फिटको सामाजिक दूरी कायम;

(9) कर्मचारीहरुलाई साबुन, हात सेनिटाइजर, र कीटाणुनाशक वाइपको साथ नियमित हात धुने व्यवस्थाको पहुँच प्रदान गर्नुहोस् र निश्चित गर्नुहोस् कि साझा क्षेत्रहरू (ब्रेक कोठा, लकर कोठा, भोजन सुविधा, आराम कोठा, सम्मेलन वा प्रशिक्षण कोठा र अन्य सहित) कुनै शिफ्टहरुको बिचमा सहित नियमित रुपमा सफा गरिएका छन्;

(10) व्यवसाय को दौरानमा कर्मचारीहरुलाई प्रयोग गर्नका लागि मास्क प्रदान गर्नुहोस्, र स्वास्थ्य विभाग र CDC को निर्देशन अनुरूप कर्मचारीले खाने वा पिउनको लागि ब्रेक टाइम प्रयोग गरिरहेको समयमा बाहेक कामको साइटमा मास्क लगाउन अनिवार्य आवश्यकता बनाउनुहोस्। रोजगारदाताहरूले स्वास्थ्य विभागको निर्देशन अनुसार कर्मचारीहरूले प्राप्त गरेका वा बनाएका मास्कहरू अनुमोदन गर्न सक्दछन्;

(11) सुनिश्चित गर्नुहोस् कि आफूसंग पर्याप्त संख्यामा कर्मचारीहरू छन् जसले सबै सूचीबद्ध उपायहरू प्रभावकारी ढंगले र यस्तो तरिकाले गर्न सक्छन् जसले आम जनता र कर्मचारीहरूको सुरक्षालाई सुनिश्चित गर्दछ;

(12) सुनिश्चित गर्नुहोस् कि आफूसंग पर्याप्त संख्यामा कर्मचारीहरू छन् जसले पहुँच नियन्त्रण गर्न, व्यवस्था कायम राख्न, र कम्तिमा 6 फिटको सामाजिक दूरी लागू गर्न सक्दछन्;

(13) अनावश्यक आगन्तुकहरूलाई व्यवसायको परिसरमा प्रवेश गर्न निषेध गर्नुहोस्; र

(14) सुनिश्चित गर्नुहोस् कि सबै कर्मचारीहरूलाई उनीहरूको मातृभाषा वा रुचाइएको भाषामा, साथै अंग्रेजीमा वा उनीहरूले बुझ्ने विधिद्वारा, मौखिक वा लिखित रूपमा सञ्चार गरेर यी आवश्यक प्रक्रियाहरू बारे सचेत गराइएको छ।

B. माथिको बाहेक, स्वास्थ्य सेवा प्रदायक बाहेक, भवन वा परिभाषित क्षेत्र भित्र जनताको सेवा गर्ने व्यवसायमा निम्न उपायहरू लागू हुन्छन्:

(1) जहाँ सम्भव हुन्छ, व्यवसायहरूले जनताहरु संग अपोइन्टमेन्ट द्वारा मात्रै व्यापार गर्नुपर्दछ र यो सम्भव नभएको अवस्थामा पनि व्यवसायहरूले व्यापार मा भीड कम गर्नका लागि उपस्थिति लाई कुनै पनि समय लागू उपस्थिति प्रमाणपत्रमा उल्लेख गरिएको संख्याको 50 प्रतिशत भन्दा बढि नहुने गरि सीमित गर्नु पर्दछ, र चेक आउट र काउन्टर लाइनमा 6 फिटको सामाजिक दूरी कायम गर्न अनिवार्य छ, र दुबै ग्राहकहरु र कर्मचारीहरु को लागी सामाजिक दूरी कायम गराउन को लागी प्रत्येक साइट मा चिन्हहरु राख्नु पर्छ;

(2) भवन आकार र कर्मचारीहरूको संख्यामा आधारित भएर, व्यवसाय समय परिवर्तन गर्नुहोस् ताकि सरसफाइ गर्न वा पुनः सामान सन्चय गर्न  वा दुबै गर्न पर्याप्त समय पुगोस्;

(3) क्यासियर र ग्राहकहरू लाई शारीरिक रूपमा अलग गर्नका निम्ति दर्ता वा चेकआउट क्षेत्रहरूमा कवच वा अन्य अवरोधहरू स्थापना गर्नुहोस् वा चेकआउट कर्मचारीहरुबाट ग्राहकहरूको सामाजिक दूरी सुनिश्चित गर्नका लागि अन्य उपायहरू लिनुहोस्, वा लाइनहरू बीच 6 फिटको सामाजिक दूरी कायम गर्न लाइनहरू बन्द गर्नुहोस्;

(4) डेलिभरी वा पिक-अप विकल्पहरू प्रदान गरेर अनलाइन अर्डर गर्ने सुविधाको प्रयोगलाई प्रोत्साहित गर्नुहोस्;

(5) यदि त्यहाँ निरन्तर ब्यक्तिगत रुपमा ग्राहकको सामना गर्नुपर्ने अवस्था रहेको छ भने उच्च जोखिम र बुढेसकालका व्यक्तिहरूलाई व्यवसाय प्रयोग गर्न प्रत्येक हप्तामा कम्तिमा एक पटक प्रयोग गर्नका लागि एक निर्दिष्ट समय तोक्नुहोस्;

(6) सबै ग्राहकहरूले परिसरमा हुँदा मास्क लगाउन अनिवार्य गर्नुहोस्, र मास्क नलगाएका व्यक्तिहरूलाई प्रवेश निषेध गर्नुहोस्, जब सम्म कि व्यवसायले औषधि, मेडिकल आपूर्ति, वा खाना प्रदान गरिरहेको छैन, जस अवस्थामा व्यवसायले यस किसिमको सामान उठाउन वा वितरण गर्ने वैकल्पिक विधिहरू प्रदान गर्नुपर्दछ, यद्यपि, व्यक्तिहरु जो चिकित्सा अवस्थाका कारण मास्क लगाउन सक्दैनन्, (CDC निर्देशन अनुसार २ बर्ष भन्दा कम उमेरका बच्चाहरु सहित) उनीहरु परिसरभित्र प्रवेश गर्न सक्दछन् र त्यस्तो चिकित्सा अवस्थाको कागजात उपलब्ध गराउन आवश्यक हुनेछैन;

(7) विभिन्न चेक आउट लाइनहरू भएको व्यवसायहरूमा, कम वा प्रत्येक अर्को रजिष्टर मात्र प्रयोग गर्नुहोस्। प्रत्येक घण्टा पछि, पहिले बन्द गरिएका रजिस्टरहरूमा ग्राहक र कर्मचारीहरु घुमाउनुहोस्। प्रत्येक रोटेशन पछि क्रेडिट कार्ड मेशिनहरू सहित पहिलेका खुला रेजिस्टरहरू र वरपरको क्षेत्र सफा गर्नुहोस्;

(8) कम से कम प्रत्येक घण्टा कर्मचारीहरूको लागि हात धुने ब्रेकको कार्यक्रम निर्धारित गर्नुहोस्; र

(9) जहाँ गाडीहरू र ह्यान्डबास्केटहरू ग्राहकहरूको प्रयोगको लागि उपलब्ध छन्, परिसर भित्र प्रवेश गर्ने प्रत्येक ग्राहकको लागि उपलब्ध हुनु अघि गाडीहरू र ह्यान्डबास्केटहरु पुछेर सफा गर्नका लागि कर्मचारी नियुक्त गर्नुहोस्।

यो आदेश तुरंत प्रभावकारी हुनेछ र 2020 अप्रिल 19 गते 8:00 बजे राति देखि लागू हुनेछ।

रेचल लेविन, MD
स्वास्थ्य सचिव